# बार्षिक खरिद योजना

**( सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६ र सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ८ सँग सम्बन्धित )**

आ. व.

मन्त्रालय/ बिभाग/ आयोजना/ कार्यालय :

बजेट उप शिर्षक नं :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यालय प्रमुखको नाम :

| सि.नं. | खरिदको प्रकार र बिबरण | खरिद योजना (अनुमानित / वास्तविक) | लागत अनुमान स्वीकृत गर्ने मिति | अनुमानित लागत,( रु हजारमा ) | खरिद बिधि/प्रक्रिया | प्याकेज संख्या | खरिद गुरु योजना अनुसारको प्याकेज संख्या | सम्झौताको किसिम (अनुसूची ३,४,५ मा उल्लेख भएको मध्ये कुनै एक ) | खरिद पुर्व | | दातृ निकाय बाट सहमति लिने मिति | खरिदको सूचना आह्वानको मिति | परामर्श सेवा खरिद भए, आर.अफ.पी मांग गर्ने मिति | मुल्यांकन सम्पन्न मिति | दातृ निकायबाट सहमति लिने मिति | करार सम्झौता मिति | कार्य/आपूर्ति/ सेवा आरम्भ मिति | कार्य/आपूर्ति/ सेवा सम्पन्न हुने मिति | निर्माण ब्यबसायी/आपूर्तिकर्ता/परामर्शदाता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | लागत अनुमान तयारी मिति | खरिद कागजात को तयारी मिति | | | | | | | | | नाम | सम्झौता नं. | सम्झौता रकम, (रु. हजारमा ) |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| १ | | अनुमानित | | | | | | | | | | | | | | | | | | | |
| | | वास्तविक | | | | | | | | | | | | | | | | | | | |
| २ | | अनुमानित | | | | | | | | | | | | | | | | | | | |
| | | वास्तविक | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

कार्यालय प्रमुख / विभागिय प्रमुख

दस्तखत

पद

मिति

तयार गर्ने

दस्तखत

पद

मिति

**द्रष्टव्य:**

प्रस्तुत योजना मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवा सबैको लागि खरिद गुरु योजनाको आधारमा तयार गर्नुपर्दछ । यो योजना निम्न कुराहरु समेतलाई ध्यानमा राखी तयार गर्नुपर्दछ ।

- क्रम संख्या उल्लेख गर्दा एउटा खरिद कार्यको एक आर्थिक बर्ष भित्रमा खरिद गर्ने कार्यहरुको सिलसिलेवार नम्बर उल्लेख गर्ने।
- महल २ मा कुन खरिद कार्य गर्ने हो (जस्तैः मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवा) सबैको प्रत्येक प्याकेज समेत छुट्टिने गरी उल्लेख गर्नुपर्दछ । यो महल भर्दा एउटा खरिद कार्यको विवरण सकिएपछि मात्र अर्को शुरु गर्नुपर्छ । जस्तैः मालसामान खरिदको कार्यहरु जति छ सो को प्याकेज समेतको उल्लेख भईसके पछि निर्माण कार्य र सो को विवरण सकिएपछि मांत्र मालसामानको विवरण प्याकेज सहित उल्लेख गर्नुपर्दछ ।
- महल ३ मा योजनामा उल्लेखित मिति तथा समयलाई अनुमानित र वास्तविकमा दुई हरफ विभाजन गरे अनुसार अनुमानितमा योजना स्वीकृत गर्दा अनुमान गरेको समय उल्लेख गर्नुपर्दछ भने वास्तविकमा लक्षित कार्यहरु कुन कुन मितिमा सम्पन्न भए सोही अनुसार उल्लेख गर्नु
- महल ४ मा अनुमान तयार भइसकेपछि उल्लेखित पदाधिकारीबाट स्वीकृत भइसक्रे मिति उल्लेख गर्नुपर्दछ ।
- महल ५ मा, महल २ मा उल्लेखित प्रत्येक प्याकेजको लागि स्वीकृत भएको लागत अनुमानको रकम उल्लेख गर्नुपर्दछ ।
- महल ६ मा सा. ख. ऐनको दफा ८ मा उल्लेखित खरिद विधीहरु मध्ये कुनै एक विधि उल्लेख गर्नुपर्दछ ।
- महल ७ मा प्रत्येक खरिद कार्यहरु प्रत्येक खरिद कार्यहरु (महल २ अनुसार) को प्याकेज संख्या उल्लेख हुनुपर्दछ । एउटै प्रकारको कार्य पनि फरक फरक प्याकेजमा हुने भए सो समेत उल्लेख गर्नुपर्दछ ।
- महल ८ मा प्रत्येक खरिद गुरुयोजनामा भएको प्याकेज संख्या उल्लेख गर्नुपर्दछ ।
- महल ९ मा सा. ख. ऐन तथा नियमावलीको अनुसूची ३,४,५ मा उल्लेख भएको मध्ये कुनै एक सम्झौताको किसिम उल्लेख गर्नुपर्दछ ।
- महल १० मा खरिद पुर्व तयार गरिएको लागत अनुमानको तयारी मिति र महल ११ मा खरिद सम्बन्धी कागजात तयार हुने उल्लेख गर्नुपर्दछ ।

- महल १२ मा वैदेशिक सहायता समावेश भएका कार्यक्रम/आयोजनाहरुमा दातृ निकायबाट बोलपत्र तथा प्रस्ताव सम्बन्धी कागजात कार्यान्वयन एकाईले स्वीकृत गरिसकेपछि दातृ निकायहरुबाट समेत सहमति लिनुपर्ने भए सो सहमति माग गर्ने मिति उल्लेख हुनुपर्छ र महल १६ मा सो सहमति प्राप्त भइसक्रे मिति उल्लेख हुनुपर्छ। नेपाल सरकारको मात्र श्रोत भए यि महल भर्नु पर्दैन।
- महल १३ मा खरिद सम्बन्धी सूचना आव्हान गर्ने मिति उल्लेख गर्नुपर्दछ।
- महल १४ मा परामर्श सेवा खरिद भए RFP (Request for Proposol) माग गर्ने मिति उल्लेख गर्नुपर्दछ।
- महल १५ मा बोलपत्रहरु मूल्यांकन सम्पन्न गर्ने मिति उल्लेख हुनुपर्छ।
- महल १७ मा बोलपत्र स्वीकृतिको आशयपत्र दिएपछिको अवधिका कुनै उजुरी नपरेको अवस्थामा करार सम्झौता हुने मिति उल्लेख गर्नुपर्छ।
- महल १८ मा स्वीकृत भएको बोलपत्र अनुसार कार्य/आपुर्ती/सेवा आरम्भ गर्न कार्यालयले दिएको पत्र पश्चात ठेकेदार वा परामर्शदाताले कार्य शुरु गर्ने मिति उल्लेख गर्नुपर्छ।
- महल १९ मा करार सम्झौता अनुसार कार्य सम्पन्न गर्ने मिति उल्लेख गर्नुपर्दछ।
- महल २०,२१ र २२ मा व्यवसायी/आपूर्तिकर्ता/परामर्शदाता सँग सम्झौता भएको आपूर्तिकर्ताको नाम, सम्झौता नम्बर र सम्झौता रकम उल्लेख गर्नुपर्दछ।

यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ।